# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : ८३८८

मिति -२०८२/०६/३१

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषय: उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ५६ औं बैठक तपशिल बमोजिम मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) निम्न बमोजिम रहेको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**

मितिः २०८२ कार्तिक २ गते (आइतबार)
समयः बिहान ११:०० बजे
स्थानः पोखरा महानगरपालिका वडा नं. ७ को कार्यालय भवनको सभाहल ।

..........................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**कार्यसूची (एजेण्डा)**

१. ५५ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा ।
२. वाणिज्य बैंकको भवन वहाल सम्झौता गर्ने सम्बन्धमा ।
३. साविक प्रशासकीय भवन रहेको स्थानमा बहुतले व्यवसायिक भवन निर्माण सम्बन्धमा ।
४. बजेट पुनरावलोकन, योजना तथा कार्यक्रम संशोधन, सम्झौता तथा रकमान्तर अधिकार प्रत्यायोजन सम्बन्धमा ।
५. विविध ।

**सादर अवगतार्थः**

श्रीमान् प्रमुखज्यू / उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

## कार्यसूची (एजेण्डा)

१. ५६ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।

२. महानगरको ६६औँ स्थापना दिवस मनाउने सम्बन्धमा।

३. कर्मचारी व्यवस्थापन (सरुवा सहमती खुलाउने) सम्बन्धमा।

४. बजेट तथा पुनःनिर्माण सम्बन्धमा।

५. पोखरा म.न.पा १७ नं वडा कार्यालय भवन निर्माणको V.O. स्वीकृत सम्बन्धमा।

६. C.T. Construction and Housing Pvt. Ltd. को बैंक जमानत फिर्ता सम्बन्धमा सम्मानित अदालतबाट भएको फैसला कार्यान्वयन सम्बन्धमा।

७. जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट सडक संकेत तथा रोड फर्निचर उपलब्ध सम्बन्धमा यातायात समितिको प्रतिवेदन सम्बन्धमा।

८. पोखरा महानगरपालिका भित्र आयोजना हुने मेला महोत्सव तथा कार्यक्रममा निर्माण हुने क्रस गेट वा स्वागत गेट, व्यानरको विज्ञापन कर निर्धारण सम्बन्धमा।

९. विविध।

(क) भारतको अहमदावादमा हुने अपांगता सम्बन्धी कार्यक्रम (डिसेम्बर १५-१७) मा सहभागी मनोनयन सम्बन्धमा।

(ख) ICIMOD को आयोजनामा नयाँ दिल्ली भारतमा November 5-6 मा सञ्चालन भएको National Clean Air Programme (NCAP) कार्यक्रममा सहभागी भएका कर्मचारीको भ्रमण अनुमोदन सम्बन्धमा।

(ख) बगर वडा प्रहरी कार्यालय पुन: निर्माण सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

मिति -२०८२/०७/०२ स्थान - वडा कार्यालय ०७ को वडा भवन

बैठक संख्या- ५६ समय- दिनको २ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं.-२५ | श्री मोतिलाल तिम्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखरेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**५६औँ कार्यपालिका बैठक मिति २०८२/०७/०२ गते**

**निर्णय नं १**

५५औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

नगर कार्यपालिका बैठकको मिति २०८२/०६/३० को निर्णय नं २ बाट Genz को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय भवन पूर्णरुपमा क्षतिग्रस्त भएको र सो भवनबाट महानगरको सेवा प्रवाह सुचारू गर्न नसकिने भएकोले भवन बहालमा लिनका लागि पोखरा म.न.पा. ९ स्थित नयाँबजारमा रहेको राष्ट्रिय वाणिज्य बैँक भवनको २ तला (२१५७०.०५ वर्ग फिट) मा पार्टेशन लगायत आवश्यक न्युनतम संरचना निर्माण गर्दा लाग्ने लागत र महानगरको दमकल स्थित खाली जग्गामा ट्रस सेड (Shed) निर्माण र भवनमा पार्टेशन गर्दा लाग्ने लागतको तुलनात्मक विश्लेषण गरी कम लागत लाग्ने स्थान छनौट सम्बन्धमा महानगरपालिकामा कार्यरत सि.डि.ई श्री बिमल रन्जन कार्की र श्री सुरेन्द्र पाण्डेको प्राविधिक सहयोगमा उपयुक्त स्थान सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिइएकोमा सो समितिबाट ३ बर्षको तुलनात्मक अध्ययन गरी पेश भएको प्रतिवेदन नगर कार्यपालिका बैठकमा प्रस्तुतिकरण पश्चात् भएको छलफलबाट ३ बर्ष अवधिसम्मको लागि राष्ट्रिय वाणिज्य बैँक रहेको भवनमा कार्यालय स्थानान्तरण गर्न उपयुक्त हुने देखिएकोले G To G प्रकृया अन्तर्गत प्रति वर्ग फिट रु ३५।- (अक्षरुपी पैतिस मात्र) का दरले भवन बहालमा लिन सम्झौता गर्ने निर्णय गरियो । सेवाग्राहीलाई एकिकृत रुपमा प्रवाह गर्नुपर्ने सेवा अवरुद्ध हुन गई सार्वजनिक हित प्रवर्द्धन गर्न कठिन भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिको व्यवस्था अनुरुप पार्टेशन लगायत आवश्यक न्युनतम संरचना निर्माणका लागि वार्षिक विकास कार्यक्रममा ब.उ.शि.न.८०४३९२०१७०१ को अर्थ विविध भैपरी आउने पूँजीगत शिर्षक (३१५११) बाट "राष्ट्रिय वाणिज्य बैँकको बहालमा लिएको भवनमा पार्टेशन लगायत आवश्यक न्युनतम संरचना निर्माण कार्यक्रम" का लागि रु ८०,००,०००।-(अक्षरुपी असि लाख मात्र) ब.उ.शि.न. ८०४३९२०१३५३ को निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) मा रकमान्तर गरी खरिद प्रकृया कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३**

महानगरको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमको नाममा रहेका सामान्य त्रुटी सच्याउने, सम्बन्धित बजेट उप शिर्षक नं. मा योजना तथा कार्यक्रमको स्थान फरक पर्न गएकोमा सच्याउने तथा विनियोजित बजेटको २५% सम्म रकमान्तर गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

महानगरको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा विनियोजित रकम मध्ये रु १० लाख भन्दा कम लागतका अत्यावश्यक आयोजना सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो । साथै सो भन्दा बढी लागतका आयोजना अर्को नगर सभासम्म सम्झौता प्रकृया स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

पोखरा महानगरपालिकाको आय ठेक्का व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत पोखरा महानगरपालिका भित्रका यात्रु बस प्रतिक्षालयहरुको बोलपत्र आव्हान भएको तथा मिति २०८२/०४/१५ को सम्झौता लागि उपस्थित हुने पत्र बमोजिम उक्त बोलपत्र सम्झौताको चरणमा रहेकोमा मिति २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा प्रतिक्षालयहरुमा क्षति पुगेको हुँदा सोको मर्मतको लागि प्राविधिक लगत अनुमान सहितको प्रतिवेदन माग गरेकोमा प्रतिवेदन प्राप्त भई सो प्रतिवेदन बमोजिम रु.५,८७,२७०।०४ (अक्षरुपी रु पाँच लाख सतासि हजार दुई सय सत्तरी रुपैया चार पैसा) खर्च लाग्ने देखिएको हुँदा पुनः निर्माण गर्न शहरी विकास महाशाखा मार्फत उक्त साइन हव प्रा.लिलाई कार्यादेश दिई उक्त कार्यसम्पन्न पश्चात् कम्पनीलाई लागत अनुमानमा नबढ्ने गरि कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी दिने व्यवस्था मिलाउने र राजश्व महाशाखाले सो कम्पनीसँग नियमानुसार सम्झौता प्रक्रिया अगाडि बढाउन तत् तत् महाशाखाहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ६**

पोखरा महानगरपालिका पर्यटन तथा शहरी विकास महाशाखाले चालु आर्थिक ऐन २०८२ बमोजिम पार्किङ शुल्क संकलन गर्ने प्रयोजनका लागि लागत अनुमान २१ दिन भित्र पेश गर्ने र राजश्व परामर्श समितिको सिफारिसका आधारमा पार्किङ ठेक्काको लागि बोलपत्र आव्हान प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं ७**

अर्थ मन्त्रालय, बैदेशिक सहायता समन्वय महाशाखाको च.न. ४९६, मिति २०८२/०६/२३ को पत्र बमोजिम एशियाली विकास बैंकको आयोजनामा आयोजक संस्थाकै सम्पूर्ण व्यवस्थापनमा थाईल्याण्डको बैंककमा मिति १-४ डिसेम्बर २०२५ सम्म हुने Regional Meeting on Scaling up of E-Mobility in Asia and the Pacific कार्यक्रममा सहभागी हुन पोखरा महानगरपालिका सार्वजनिक निजी साझेदारी शाखा कार्यरत इन्जिनियर श्री नेत्र प्रसाद तिमिल्सिनालाई मनोनयन गरी पठाउने निर्णय गरियो।

**निर्णय नं ८**

पोखरा महानगरपालिकाको आर्थिक ऐन २०८२ र विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन २०८२ बमोजिम महानगरमा संकलन हुन सक्ने विज्ञापन कर संकलन सम्बन्धमा आय ठेक्का प्रकृया अगाडि बढाउन राजश्व महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ९**

मिति २०८२/०५/०४ मा पहिलो पटक र मिति २०८२/०६/१२ मा दोस्रो पटक आव्हान भएको बोलपत्रमा दोस्रो पटक बोलपत्रको कुनै पनि प्रस्ताव पेश नपरेको तथा सम्झौता हुन नसकेका घाटहरुको गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को दफा ८ अनुसुची ७ बमोजिम स्थानीय तहले तोकिएको दरमा दुई पटक ठेक्का आव्हान गर्दा समेत ठेक्का नलागेको अवस्थामा तोकिएको दरको दस प्रतिशत सम्म थपघट गरी पुनः ठेक्का आव्हान गर्न सक्ने व्यवस्था अनुसार १० (दश) प्रतिशत घटाई पुनः बोलपत्र आव्हानको प्रकृया अगाडि बढाउन राजश्व महाशाखालाई निर्देशन दिने निर्णय गरियो।